जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १६० पृष्ठः ४ | २०८३ असोज ३० शुक्रबार (Friday 16 Oct. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## भाकल पूरा भएपछि दुर्गा भगवतीको मूर्ति स्थापना गरी पूजा गर्ने बढ्दै



सप्तरी, २९ असोज। दशैंमा दुर्गा भगवतीको मूर्ति स्थापना गरी पूजा गर्ने परम्परा सप्तरीमा बढ्दै गएको छ। विशेषगरी भाकल पूरा भएपछि मनोकामना सिद्ध भएको विश्वासमा दुर्गा भगवतीको मूर्ति बनाएर पूजा गर्नेहरूको संख्या गाउँगाउँमा बढ्दै गएको हो। सप्तरीका विभिन्न स्थानमा दशैंका अवसरमा सामूहिक रूपमा दुर्गा भगवतीको मूर्ति स्थापना गरी पूजाआजा गर्ने गरिएको छ। त्यसैगरी, भाकल गरेका व्यक्तिले आफ्नो घरमा व्यक्तिगत रूपमा छुट्टै मूर्ति स्थापना गरी विधिपूर्वक पूजा गर्ने परम्परासमेत रहिआएको छ।

धार्मिक आस्था र विश्वाससँग जोडिएको यस परम्पराअन्तर्गत कतिपयले मनोकामना पूरा होस् भनेर भगवतीसँग भाकल गर्ने गरेका छन्। भाकल पूरा भएपछि प्रतिज्ञाअनुसार मूर्ति बनाएर पूजा गर्ने चलन छ। कतिपयले भने भगवतीले सपनामा दर्शन दिएको विश्वासमा कुनै वर्षदेखि हरेक वर्ष मूर्ति बनाएर पूजा गर्दै आएका छन्। यसरी मूर्ति स्थापना गरी पूजा गर्दा परिवारमा सुख, शान्ति र समृद्धि प्राप्त हुने धार्मिक विश्वास छ।

रुपनी गाउँपालिका-४ का धनेश्वर यादवले ११ वर्षदेखि व्यक्तिगत रूपमा भगवतीको मूर्ति स्थापना गरी पूजा गर्दै आएको बताउनुभयो। आफ्नो मनोकामना पूरा भएको र माता भगवतीबाट आभास प्राप्त भएको विश्वासमा हरेक वर्ष मूर्ति बनाएर पूजा गर्दै आएको उहाँले सुनाउनुभयो। दसैंमा मूर्ति निर्माण गरी पूजा गर्ने परम्पराले धार्मिक तथा सांस्कृतिक महत्त्वसमेत बोकेको छ। घटस्थापनादेखि सुरु हुने नवरात्रमा दुर्गा भगवतीका विभिन्न स्वरूपको पूजाआराधना गरिँदै आएको पण्डित कमलकान्त झाले बताउनुभयो।

उहाँका अनुसार श्रद्धालु भक्तजनले शक्तिस्वरूपा भगवतीको उपासना गर्दै परिवार तथा समाजको कल्याणको कामना गर्ने गर्छन्। सामूहिक रूपमा मूर्ति स्थापना गर्दा गाउँ तथा टोलका बासिन्दा एकजुट भएर पूजा व्यवस्थापनमा जुट्ने गरेका छन्। व्यक्तिगत रूपमा मूर्ति

**-बाँकी तीन पेजमा**

## चाडपर्वमा जनकपुरधामको सुरक्षाव्यवस्था कडा



जनकपुरधाम, २९ असोज। दसैं, तिहार र छठ पर्वलाई लक्षित गर्दै धनुषा प्रहरीले जनकपुरधामसहित जिल्लाका सहरी तथा ग्रामीण क्षेत्रमा सुरक्षा निगरानी बढाएको छ। चाडपर्वका बेला हुन सक्ने चोरी, लुटपाट, लागुऔषध कारोबार तथा अन्य आपराधिक गतिविधि रोक्न प्रहरीले ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरेको हो।

सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक (एसपी) रुपेश खड्का आफैँ सडकमा खटिएर सवारीसाधन जाँच गरिरहेका छन्। उनी दिउँसोदेखि रातिसम्म प्रहरी टोलीसँगै खटिएर मादक पदार्थ तथा लागुऔषध सेवन गरी सवारी चलाउने, हेल्मेट नलगाउने र स्वरूप

**-बाँकी तीन पेजमा**

## २४ घण्टाभित्र मौरीघार उठाउन निर्देशन दिएपछि किसान समस्यामा



बारा, २९ असोज। मधेस प्रदेशबाट मौरी चरिचरनका लागि प्युठान पुगेका किसानहरूलाई स्थानीय तहले २४ घण्टाभित्र मौरी उठाउन निर्देशन दिएपछि उनीहरू समस्यामा परेका छन्। लुम्बिनी प्रदेशको स्वर्गद्वारी नगरपालिकाले असोज २६ गते पत्राचार गर्दै चरनका लागि ल्याइएका मौरी २४ घण्टाभित्र नहटाए जफत गर्नेसम्मको चेतावनी दिएको छ। मह उत्पादनका लागि स्रोतको खोजी गर्दै बारा, रौतहट र सर्लाहीका किसान असोज २४ गते प्युठान पुगेका थिए।

मधेसका मौरीपालक किसानहरू चिउरीको मह उत्पादनका लागि २०औं वर्षदेखि मौरी चराउन रोल्पा र प्युठान लैजाने गर्दछन्। तर, संघीयता लागू भएपछि पर्याप्त स्रोत भएका केही पहाडी जिल्लाका पालिका र स्थानीय बासिन्दाले मौरी चरनमा अवरोध पुऱ्याउँदै आएका छन्। 'स्वर्गद्वारी नगरपालिकामा मेलिफेरा मौरी

**-बाँकी अन्तिम पेजमा**





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812



## विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## झिझिया जोगाऔं, अन्धविश्वास होइन

मधेसको मिथिलाञ्चल क्षेत्रमा दसैंका बेला प्रस्तुत गरिने झिझिया नृत्य यहाँको मौलिक लोकसंस्कृति र धार्मिक परम्परासँग जोडिएको छ। घटस्थापनादेखि दुर्गापूजाको अवधिमा गाउँबस्ती र मन्दिर परिसरमा देखिने यो नृत्यले पुस्तौंदेखि समुदायको सांस्कृतिक जीवनलाई निरन्तरता दिँदै आएको छ। तर परम्पराको संरक्षणसँगै यसमा जोडिएका अन्धविश्वास, जातीय विभेद र सामाजिक विकृतिबारे बहस हुनु पनि आवश्यक छ। संस्कृति जोगाउने नाममा समाजलाई पछाडि धकेल्ने अभ्यासलाई निरन्तरता दिने कि परम्परालाई समयअनुकूल सुधार गर्ने भन्ने प्रश्न अहिले महत्त्वपूर्ण बनेको छ।

झिझिया नृत्यलाई धार्मिक आस्थाका आधारमा दुष्ट शक्तिबाट रक्षा हुने, भूतप्रेत तथा बोक्सीको प्रभाव कम हुने विश्वाससँग जोडेर प्रस्तुत गर्ने गरिन्छ। शिक्षक रामविहारी साहले परम्परा जोगाउनुपर्ने तर अन्धविश्वासलाई बढावा दिने गतिविधि गर्न नहुने धारणा राख्नुभएको छ उहाँको भनाइले झिझियासम्बन्धी बहसको मूल पक्षलाई समेट्छ— लोकसंस्कृतिको संरक्षण र अवैज्ञानिक मान्यताको निरन्तरताबीच स्पष्ट भिन्नता छुट्याउनुपर्छ।

लोकसंस्कृति कुनै समुदायको पहिचान, इतिहास र सामूहिक स्मृतिको हिस्सा हो। झिझियाजस्ता परम्परालाई बेवास्ता गर्दा स्थानीय कला, गीत, नृत्य र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको सांस्कृतिक ज्ञान हराउन सक्छ। त्यसैले यसको संरक्षण आवश्यक छ। तर संस्कृतिको सम्मान गर्नु भनेको त्यससँग जोडिएका हरेक विश्वासलाई प्रश्न नगरी स्वीकार गर्नु होइन। कुनै परम्पराले डर, विभेद वा हिंसालाई प्रश्रय दिन्छ भने त्यसबारे प्रश्न उठाउनु सांस्कृतिक विरोध नभई समाज सुधारको प्रयास हो।

लहान नगरपालिका–७ स्थित दुर्गा मन्दिरअगाडि घटस्थापनादेखि हरेक साँझ प्रस्तुत गरिने झिझिया नृत्यमा दलित बालबालिकालाई मात्रै सहभागी गराइने विषयले अर्को गम्भीर प्रश्न उठाएको छ। प्रदेशसभा सदस्य ललितादेवी दासले यस्तो अभ्यासप्रति असहमति जनाउँदै सबै समुदायका बालबालिकालाई समान अवसर दिनुपर्ने धारणा राख्नुभएको छ। कुनै सांस्कृतिक गतिविधिमा सहभागिताको अवसर जातका आधारमा सीमित गरिनु समावेशी समाजको मान्यतासँग मेल खाँदैन। दलित समुदायका बालबालिकालाई मात्र नृत्यमा सहभागी गराउने परम्परा छ भने त्यसको कारण र सामाजिक प्रभावबारे खुला छलफल आवश्यक छ।

दलित समुदायलाई संस्कृतिको वाहक बनाउने तर त्यसबाट प्राप्त सम्मान, अवसर र निर्णय प्रक्रियामा समान स्थान नदिने अवस्था हुनु हुँदैन। परम्पराको नाममा कुनै समुदायलाई निश्चित भूमिकामा सीमित गर्नु सामाजिक विभेदलाई निरन्तरता दिने माध्यम बन्न सक्छ। झिझियामा सहभागी हुने बालबालिकाको सम्मान, स्वेच्छा र समान अवसर सुनिश्चित गर्दै अन्य समुदायका बालबालिकाको सहभागितालाई पनि सहज बनाइनुपर्छ। सांस्कृतिक कार्यक्रम सबैको साझा उत्सव बन्नुपर्छ, कुनै समुदायमाथि थोपरिएको जिम्मेवारी होइन।

यस बहसको अर्को पक्ष जनस्वास्थ्य र मानवअधिकारसँग सम्बन्धित छ। मानवअधिकारकर्मी राजकुमार राउत तथा नागरिक अगुवा दिनेश यादवले अन्धविश्वासका कारण उपचारमा ढिलाइ हुने र महिलामाथि हिंसा हुने जोखिमबारे चिन्ता व्यक्त गर्नुभएको छ। सर्प वा कुकुरले टोकेमा अस्पताल जानुको सट्टा धामीझाँक्रीकहाँ जाने प्रवृत्तिले ज्यान जोखिममा पार्न सक्छ। त्यसैगरी कसैलाई बोक्सीको आरोप लगाउनु, अपमान गर्नु वा हिंसा गर्नु गम्भीर अन्याय हो। यस्ता घटनालाई कुनै पनि धार्मिक वा सांस्कृतिक परम्पराको आडमा उचित ठहऱ्याउन सकिँदैन।

यसका लागि शिक्षा, स्वास्थ्य सचेतना र वैज्ञानिक सोचको विस्तार अपरिहार्य छ। स्थानीय सरकार, विद्यालय, नागरिक समाज, सांस्कृतिक अभियन्ता र धार्मिक अगुवाले मिलेर समुदायमा संवाद सञ्चालन गर्नुपर्छ। सर्पदंश वा अन्य आकस्मिक अवस्थामा तत्काल अस्पताल पुग्नुपर्ने सन्देश फैलाउनुपर्छ। बोक्सीको आरोपमा हुने हिंसाविरुद्ध कानुनी सचेतना बढाउनुका साथै पीडितलाई संरक्षण र न्यायको पहुँच सुनिश्चित गर्नुपर्छ। अन्धविश्वासविरुद्धको अभियान कुनै समुदाय वा जातिलाई दोष दिने शैलीमा नभई सम्मानजनक संवाद र तथ्यमा आधारित हुनुपर्छ। झिझियाको संरक्षणका लागि यसको इतिहास, गीत, नृत्यशैली, पहिरन र सांस्कृतिक अर्थको अभिलेखीकरण गर्न सकिन्छ। विद्यालय र स्थानीय सांस्कृतिक कार्यक्रममा यसको सकारात्मक पक्षलाई नयाँ पुस्तासम्म पुऱ्याउन सकिन्छ। साथै, जातीय विभेद र हानिकारक अन्धविश्वासलाई निरुत्साहित गर्दै परम्परालाई समावेशी बनाउन सकिन्छ।

संस्कृति समाजलाई जोड्ने माध्यम हुनुपर्छ, विभाजन गर्ने होइन। झिझिया नृत्यको संरक्षण गर्दा यसको मौलिकता जोगाउनुका साथै समानता, मानव मर्यादा र वैज्ञानिक चेतनालाई पनि स्थान दिनुपर्छ। परम्परालाई जस्ताको तस्तै दोहोऱ्याउनु मात्र संरक्षण होइन। समयअनुसार सुधार गर्दै नयाँ पुस्ताका लागि अर्थपूर्ण बनाउनु पनि संरक्षणकै हिस्सा हो। त्यसैले झिझिया जोगाऔं, तर अन्धविश्वास र विभेदलाई होइन— लोककला, सामूहिक पहिचान र सामाजिक सद्भावलाई बलियो बनाऔं।

# शक्तिराष्ट्रको स्वार्थले ओझेलमा राष्ट्रसंघ

## नेपालले पनि भोटेकोसी विपद्को पीडादायी कथाव्यथा पछिल्लो महासभामा राख्ने अवसर पायो।

**विनोद न्यौपाने**

संयुक्त राष्ट्रसंघको उपयोगिता, प्रभाव र भविष्यबारे बहस सुरु भएको छ। दोस्रो विश्वयुद्धको समाप्तिसँगै स्थापित राष्ट्रसंघ केही समय शक्तिराष्ट्रकै वरिपरि घुमिरह्यो। ठूला र शक्तिशाली राष्ट्रको दबदबामा परेका साना राष्ट्रको हितरक्षामा जन्मिएको राष्ट्रसंघ बिस्तारै ठूला र साना राष्ट्रका समस्या औपचारिक रूपमा राख्ने बहुपक्षीय फोरमका रूपमा विकसित हुँदै गयो। राष्ट्रसंघ भनेबित्तिकै संसारबाटै सम्मानको भावले हेरिन्थ्यो तर अहिले त्यसको सान्दर्भिकतालाई कमजोर बनाउने प्रयत्न भइरहेको छ।

अमेरिकालगायतका शक्तिराष्ट्रले आफ्नै आर्थिक सहयोगले चल्ने संस्था भनेर बेलाबेलामा राष्ट्रसंघका निर्णयप्रति असहमति जनाउँथे। साना राष्ट्रको हितमा काम गरे पनि राष्ट्रसंघबाट हामीहरूलाई अप्ठ्यारो पर्ने कुनै पनि निर्णय नहोस् भन्ने चाहना ती शक्तिराष्ट्रको हुन्थ्यो नै। यतिबेला शक्तिराष्ट्रहरू राष्ट्रसंघलाई महत्त्व दिन छाडेका छन्। उनीहरू बहुपक्षीय नभई, द्विपक्षीय सम्झौताबाट राष्ट्रिय स्वार्थ पूरा हुनेमा विश्वस्त हुन थालेका छन्। शक्तिराष्ट्रको राष्ट्रिय स्वार्थले राष्ट्रसंघ ओझेलमा परे पनि साना राष्ट्रका लागि अझै यस मञ्चको महत्त्व बाँकी नै छ। किनभने उनीहरूका सामु आजसम्म एउटै मञ्चमा उभिएर आफ्ना समस्या राख्न पाइने ठाउँ छ।

नेपालले पनि भोटेकोसी विपद्को पीडादायी कथाव्यथा पछिल्लो महासभामा राख्ने अवसर पायो। शक्तिशाली ठूला मुलुक नै राष्ट्रिय स्वार्थमा लागिरहेका बेला नेपालजस्ता साना मुलुकले आफूलगायत अन्य साना राष्ट्रको सामूहिक स्वार्थमा बोल्नुको खासै अर्थ त नहोला। तर बाहिरबाट हेर्दा बहुपक्षीय संस्थाबाट न्याय हुन्छ भन्ने झिनो आशा नेपालजस्ता राष्ट्रमा अझै जीवितै छ।

निश्चित नियम र कानुनको घेरामा बस्ने विधानसहित बहुपक्षीय हितकै लागि राष्ट्रसंघ स्थापना गरिएको हो। ठूला राष्ट्रको दबदबाले ग्रसित साना मुलुकको हित प्रवर्धन उतिबेलाको प्रमुख उद्देश्य थियो। अहिले विश्वकै राजनीतिक, आर्थिक, सामाजिक र रणनीतिक परिस्थिति फेरिएको छ। नियम कानुनको परिधिभित्र बाँधिनुभन्दा पनि स्वार्थ प्रबल भएर आएको छ। त्यसैले त राष्ट्रसंघजस्ता सामूहिक हित हेर्ने बहुपक्षीय संस्थाको सान्दर्भिकता घट्दै जान थालेको हो।

राष्ट्रसंघको ७९औँ महासभामा संसारका शक्तिशाली राष्ट्रका कार्यकारी प्रमुखहरू अमेरिका पुगेर पनि महासभामा उपस्थित भएनन्। ती राष्ट्रको प्रतिनिधित्व नभएको भने होइन। बहुपक्षीय फोरमबाट संसारलाई आर्थिक विकास, सामूहिक एकता र भाइचाराको सन्देश दिनुपर्ने शक्तिशाली पात्रहरूको महासभामा अनुपस्थितिलाई राष्ट्रसंघलाई महत्त्व नदिइएको अर्थमा लिइएको छ। यसले राष्ट्रसंघको उपयोगितामाथि प्रश्न उठाएको छ। त्यसो त स्थापनाकालमै ठूला राष्ट्रलाई 'निषेधाधिकार' (ख्भतय एयधभच) दिइएको थियो। यद्यपि, सबै मुलुकलाई थोरैबहुत आर्थिक भार भए पनि ठूला राष्ट्रको अधिक आर्थिक स्रोतबाट राष्ट्रसंघ चल्दै आएको छ।

राष्ट्रसंघ स्थापनासँगै उपनिवेशवाद अन्त्य भई साना राष्ट्रको पनि आत्मनिर्णयको अधिकार सुनिश्चित भयो। आर्थिक समानता, विकास र सामाजिक न्यायका पक्षमा आवाज बुलन्द भए। एसिया र अफ्रिकाका नयाँ राष्ट्र पनि राष्ट्रसंघका सदस्य बने। को शक्तिशाली, को कमजोर भन्ने भएन। एउटा राष्ट्र र राष्ट्र राष्ट्रबीचका समस्या निरूपण गर्ने सामूहिक थलो भएकैले राष्ट्रसंघ शक्तिशाली बनेको थियो। यसको उपयोगितालाई असान्दर्भिक बनाइयो भने साना राष्ट्रको आत्मसम्मानमा ठेस मात्रै पुग्दैन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षा चुनौती पनि थपिनेछन्। सामूहिक भावनाको विकास, सामूहिक सुरक्षा नीति र सामूहिक कार्ययोजनासहित अघि बढ्दा मात्रै विश्वको कल्याण हुने हो।

शक्तिशाली राष्ट्रले अङ्गालेको द्विपक्षीय र बहुपक्षीय हित प्रवर्धनबाट राष्ट्रिय स्वार्थ त पूरा होला तर त्यसले पार्ने दीर्घकालीन असरबारे पनि सँगसँगै बहस प्रारम्भ गर्नुपर्छ। राष्ट्रसंघले शक्तिशालीको लाभ मात्र होइन साना र विकासोन्मुख राष्ट्रको सम्मानमा पनि उभिनुपर्छ। त्यसकारण पनि राष्ट्रसंघको महत्त्व घटाउने होइन बढाउनुपर्छ।

विश्व परिस्थिति पहिलेको अवस्थामा छैन। रुस, चीन, भारत आर्थिकरूपमा शक्तिशाली भएका छन्। एसिया विश्व अर्थतन्त्रको मूल केन्द्र नै बनिसकेको छ। संसार विकसित हुनु राम्रो हो तर अप्ठ्यारोमा खोलिएको राष्ट्रसंघलाई सजिलो भएपछि अप्ठ्यारोमा पार्ने काम गर्नु राम्रो होइन। भोलि फेरि यसको सान्दर्भिकता बढ्न पनि सक्छ। युद्धबाट पिल्सिएको संसारलाई यसबाट सधैँका लागि मुक्ति दिलाउन जन्मिएको संस्थाको महत्त्व क्षणिक लाभ र हानिसँगै घटाउनु हुँदैन। विशेषगरी अमेरिका, चीन, रुस र भारतजस्ता मुलुकले राष्ट्रसंघजस्तो बहुपक्षीय संस्थाको साख घटाउन होइन बढाउन भूमिका निर्वाह गर्नुपर्छ। आगामी महासभाहरूमा पनि यस्तै अवस्थाले निरन्तरता पायो भने साना राष्ट्रको भावनामाथि चोटमात्रै पुग्दैन राष्ट्रसंघप्रतिको सम्मान पनि घट्नेछ।

**क्षेत्रीय सङ्गठनको बढ्दो साख**

सार्कमा भारतको चासो घट्न थालेपछि त्यो संस्थाको भूमिका समाप्तप्रायः जस्तै भएको छ। बिमस्टेकमार्फत भारतले आफ्नो उपयोगिता सिद्ध गर्न थालेपछि सार्क यतिबेला असान्दर्भिक जस्तै भएको छ। उता ब्रिक्स (द्यच्क्स्ष्क) खुल्यो। ब्रिक्समा संसारकै उदाउँदा शक्ति र विकासशील राष्ट्र सदस्य छन्।

उसले संसारको अर्थतन्त्र, व्यापार, ऊर्जा, विकास र प्रविधिमा दक्षिण विश्वको प्रभुत्वलाई प्रतिनिधित्व गर्ने दाबी गर्छ। चार राष्ट्रबाट खुलेको ब्रिक्समा अहिले १३ राष्ट्र सदस्य भइसकेका छन्। यसले न क्षेत्रीयताको वकालत गर्छ न त निश्चित विचारधाराको नै। भारत, चीन, दक्षिण अफ्रिका, ब्राजिल र साउदी अरेबियालगायत ब्रिक्समा सदस्य छन्। लोकतान्त्रिक भारत, एकलकाटेजस्तो देखिने कम्युनिस्ट शासन भएको चीन, धार्मिक अधिराज्य साउदी अरब, दक्षिणपन्थी ब्राजिल र बहुजातीय, बहुदलीय गणतन्त्रात्मक मुलुक दक्षिण अफ्रिका पनि एउटै समूहमा छन्। यी राष्ट्र ब्रिक्समार्फत आआफ्नो राष्ट्रिय स्वार्थका लागि जोडिएका हुन्, निश्चित सैद्धान्तिक आधारमा होइन।

युरोपको प्रतिनिधित्व युरोपेली संघले गर्छ। अफ्रिकामा अफ्रिकी संघ, दक्षिणपूर्वी एसियामा आसियान, पश्चिम एसियामा खाडी सहयोग परिषद् र युरेसियामा साङ्घाई सहयोग सङ्गठन क्रियाशील छन्। यसरी क्षेत्रीय र समूहगत छाता सङ्गठन खुल्नुको अर्थ राष्ट्रसंघको ओतबाट मात्र राष्ट्रिय स्वार्थ पूरा गर्न सकिन्न भन्ने निष्कर्ष हो। यो दोस्रो युद्धपछि सामूहिक हितमा खोलिएको बहुपक्षीय राष्ट्रसंघको औचित्यमाथि प्रश्नचिह्न लगाइएको सङ्केत पनि हो।

हाम्रा छिमेकी भारत र चीन ब्रिक्समा सँगै छन्। एसियामै पनि व्यापारिक दृष्टिकोणबाट यी दुवैको स्वार्थ मिलिरहेको छ। विश्व उत्पादन र व्यापारको ठूलो हिस्सा एसियामा केन्द्रित भएकाले पनि यी क्षेत्रका प्रभावशाली मुलुकबीचको निकटतालाई स्वाभाविक मान्नुपर्छ। यसबाट स्पष्ट हुन्छ — शक्तिशाली राष्ट्र पनि राष्ट्रिय स्वार्थ केमा छ भन्ने विषयबाट निर्देशित भएका छन्। पहिले पहिले भित्र जे भए पनि आवरणमा यस्तो देखाइँदैनथ्यो। बहुपक्षीय हितमा खुलेका संस्थाप्रति बिस्तारै मोहभङ्ग भएको सङ्केत राष्ट्रिय स्वार्थमा केन्द्रित संस्था खुलाइएपछि स्पष्ट भएकै हो।

**शक्तिराष्ट्रको पनि आफ्नै स्वार्थ**

न्यु योर्कमा महासभा चलिरहँदा अमेरिकी र चिनियाँ राष्ट्रपतिबीच उच्चस्तरीय भेटवार्ता भयो। चिनियाँ राष्ट्रपतिलाई स्वागत गर्न अमेरिकी राष्ट्रपति विमानस्थलमै पुगे। दुई राष्ट्रपतिबीच द्विपक्षीय हितका बारेमा कुराकानी भएको सार्वजनिक भयो। तर चिनियाँ राष्ट्रपति महासभामा उपस्थित भएनन्। भारत, चीन र रुसका सरकार तथा राष्ट्रप्रमुख महासभामा नजानीकन बाहिरै वार्ता गर्नुको उद्देश्य बहुपक्षीय सङ्गठनको मूल्य सकिएको अर्थमा लिइएको छ। अमेरिकी राष्ट्रपतिको महासभामा सम्बोधन इरान तथा गाजा द्वन्द्वका विषयमा केन्द्रित भए पनि राष्ट्रिय स्वार्थमा प्रेरित थियो।

उता राष्ट्रसंघीय महासभा चलिरहँदा इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र संयुक्त अरब इमिरेट्स (ग्बभ) का राष्ट्राध्यक्ष शेख मोहम्मद बिन जायद अल नाह्यानबीच आबुधाबीमा गोप्य भेटवार्ता भयो। सन् २०२६ सेप्टेम्बरको अन्तिम साता भएको यस भेटलाई गोप्य राखिए पनि दुवै देशले भेटबारे पुष्टि गरेका छन्। भेटमा द्विपक्षीय सम्बन्धलाई सुदृढ बनाउने, इरान र यमनका हुथी विद्रोहीबाट सिर्जित क्षेत्रीय सुरक्षा चुनौतीका बारेमा छलफल भएको जनाइएको छ। नेतान्याहुले युएईका राष्ट्रपतिलाई इरानको आणविक कार्यक्रम र क्षेत्रीय सुरक्षा खतरासम्बन्धी नयाँ गुप्तचर सूचना जानकारी गराएको पुष्टि पनि गरेका थिए।

ठूला र शक्तिराष्ट्र एकापसमा द्विपक्षीय हितसहित राष्ट्रिय स्वार्थमा केन्द्रित हुन थालेपछि साना राष्ट्रको हित र संसारकै सुरक्षा चुनौती नपत्याउने गरी बढ्नेछ। सामूहिक स्वार्थको बाटो छोडेर राष्ट्रिय स्वार्थमा द्विपक्षीय हित हेर्न थालिएपछि सुरक्षा चुनौती बढ्नु स्वाभाविक हो। राष्ट्रसंघजस्ता बहुपक्षीय संस्थाले मानवजगत्को हित, सामूहिक सुरक्षा, भावना र विकासलाई प्राथमिकता दिन्थे। आज मानव अधिकारको भाषण गर्ने ठूला र प्रजातान्त्रिक मुलुक पनि साँघुरो घेरामा सीमित हुन खोज्नु शुभसङ्केत होइन।

राष्ट्रसंघ सामूहिक भावना पोख्ने साझा थलो भए पनि साना राष्ट्रको आर्थिक विकासमा उसको खासै ठूलो भूमिका थिएन। विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली विकास बैंकजस्ता आर्थिक संस्था बहुपक्षीय हितमै केन्द्रित थिए। अहिले ती सबै संस्था शक्तिशालीकै काबुमा छन्। राष्ट्रसंघजस्ता संस्थालाई शक्तिराष्ट्रले कमजोर बनाउने अवस्था उत्पन्न भएपछि आर्थिक संस्थाहरूबाट साना राष्ट्रलाई अब अन्याय नभए पनि न्याय नहुन सक्छ। विश्व बैंक अमेरिकाको, अन्तर्राष्ट्रिय मुद्रा कोष युरोपको र एसियाली विकास बैंक जापानको अनुकूलमा चलिरहेका छन्। शक्तिराष्ट्रले द्विपक्षीय हितलाई राष्ट्रिय स्वार्थमा हेर्न थालेपछि विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली विकास बैंक पनि उनीहरूको स्वार्थप्रेरित लगानीमा केन्द्रित हुने नै भए। यो नेपालजस्ता साना राष्ट्रका लागि शुभसङ्केत होइन।

**नेपालको बाटो**

सानो राष्ट्र भए पनि नेपाल

–बाँकी तीन पेजमा

### शक्तिराष्ट्को ...

राष्ट्रसंघले विशेष महत्त्व दिने मुलुक हो। राष्ट्रसंघले सबैभन्दा बढी शान्तिसेना नेपालबाटै लैजान्छ। नेपाल देश सानो भए पनि अन्तर्राष्ट्रिय शान्तिसेनामार्फत विश्वमा ठूलो प्रभाव जमाएको छ। विश्व शान्ति स्थापनामा सेनाबाट अर्जित शक्तिले विकास गरेको कूटनीतिकै कारण नेपाललाई आज विश्वले चिनेको छ। नेपाली सेनाले विश्वशान्तिमा खेलेको भूमिका, उसको व्यावसायिक निष्ठा र मानव अधिकारप्रतिको उच्च सम्मानकै कारण राष्ट्रसंघले नेपाललाई विशेष महत्त्व दिएको हो।

राष्ट्रसंघीय शान्तिसेनामार्फत संसारकै विश्वास जितेको सेनाले राष्ट्र अस्थिर हुँदा पनि देशको कूटनीतिलाई स्थिर राख्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आयो। जेन–जी विद्रोहमा समेत बहुपक्षीय बहस चलाएर विद्रोह व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। नेपालले आफ्नो आदर्शअनुरूप बहुपक्षीय बाटो रोज्नुपर्ने पाठ भने नेपाली सेनाले राष्ट्रसंघबाटै सिकेको हो।

संसारकै छाता सङ्गठन मानिने राष्ट्रसंघजस्तो बहुपक्षीय संस्था कमजोर हुने र त्यस्ता संस्थाप्रति शक्तिशाली राष्ट्रको मोहभङ्ग हुन थाल्यो भने नेपालजस्ता मुलुक अप्ठ्यारोमा पर्छन्। बहुपक्षीय संस्थाको हित हेर्दाहेर्दै पनि अब राष्ट्रिय स्वार्थका लागि नयाँ नीति अख्तियार गर्नुपर्ने दायित्व पनि थपिएको छ। पुँजीवादी र साम्यवादी कुनै पनि गुटमा नलाग्ने भनी गठन भएको असंलग्न राष्ट्रहरूको सङ्गठनको पनि अबको यात्रा र राष्ट्रिय स्वार्थ त्यसबाट पनि पूरा हुने छाँटकाँट छैन।

साम्यवादी र पुँजीवादी नै मिलेर हिँडेपछि ती दुवै कित्तामा नउभिने भनेर गठन भएको असंलग्न आन्दोलनको औचित्य समाप्त हुने नै भयो। जुन सङ्गठनमा नजिक हुँदा आफ्नो स्वार्थ पूरा हुन्छ त्यही बाटो हिँड्नुपर्ने पाठ शक्तिशालीले सिकाएका छन्। राष्ट्रसंघजस्तो बहुपक्षीय हित चाहने संस्था बलियो हुनुपर्छ भनिरहे पनि राष्ट्रिय स्वार्थले जता डोऱ्याउँछ त्यही बाटो हिँड्नुपर्ने हाम्रो पनि बाध्यता हुन्छ। अब क्षेत्रीय सङ्गठन, व्यापार र आर्थिक सहयोग बढी हुने संघसङ्गठनमा घुस्नुपर्ने अबको दायित्व हो। राष्ट्रिय स्वार्थको अवसर हेर्नुपर्‍यो।

सार्कबाट गुमेको अवसर बिमस्टेकका माध्यमबाट लिनुपर्‍यो। किनभने छिमेकी भारत र चीन सँगै रहेका सांघाई सहयोग सङ्गठन र ब्रिक्समा लाग्न नेपाललाई सजिलो छैन। हामी दुई ठूला महाशक्ति राष्ट्रका बीचमा छौँ। दुवै छिमेकी रहेको ठाउँमा जानु हाम्रा लागि उपयुक्त विकल्प हुन सक्छ।

चीन र भारतसँग सँगसँगै हिँड्न सिक्नुपर्‍यो। ससाना विषयलाई लिएर छिमेकीसँग वादविवाद झिकेर आलोचना गर्ने होइन भारत र चीनलाई नचिढ्याई अघि बढ्ने सहज बाटो रोज्नुपर्छ। नेपालजस्ता मुलुक अबको संसारमा एक्लै उभिन कठिन छ। क्षेत्रीय संस्थामा आबद्ध नभई जीविकोपार्जन गर्नसमेत कठिनाइ हुँदै गएको छ। हिजो हिँडिरहेको बाटो गन्तव्यमा नपुग्दै असान्दर्भिक भएपछि नयाँ बाटो खन्नुपर्छ। यो सजिलो काम भने होइन। कूटनीतिलाई नयाँ ढंगबाट हिँडाउन सकिएन भने अब धेरै पछि परिनेछ।

शक्तिशाली राष्ट्र द्विपक्षीय हितमा लाग्ने र सहयोग दिने संस्थाहरू तिनकै हितमा केन्द्रित हुने भएपछि नेपालजस्ता मुलुकको अवस्था निकै अप्ठ्यारो हुन सक्छ। अब हामीले आफूभित्र दुस्मन देख्ने पुरानो शैली छाड्नुपर्छ। ससाना विवादमा आफैँभित्रका स्वार्थ बाझिएर फरक मत राख्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्छ।

शक्तिशालीहरू राष्ट्रिय स्वार्थमा जस्तो निर्णय गर्न पनि तयार रहेका बेला हामी अर्काको सहयोगमा बाँच्नुपर्नेहरू भित्रै अल्मलिनुपर्दा बाहिरी संसारमा के भइरहेको छ भन्नेबारे बेखबर हुनुपर्ने अवस्था आउन सक्छ। त्यसले हामीलाई निकै पछि पार्छ। अब देशभित्र हुने विरोध र आन्दोलनलाई सामूहिक प्रतिबद्धतासहित तिरस्कार नै गर्नुपर्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वार्थ र स्वार्थी समूहको पछि लागेर होइन जे गर्दा राष्ट्रिय हित हुन्छ त्यही बाटोमा हिँड्नु उत्तम हुनेछ।

बाह्रखरीबाट

### भाकल पूरा ...

स्थापना गर्नेहरूले पनि परिवारका सदस्य तथा आफन्तको सहभागितामा पूजाआजा गर्छन्।

व्यक्तिगत रूपमा मूर्ति स्थापना गरिए पनि त्यसमा सामाजिक तथा सामूहिक सहभागितासमेत रहने गरेको छ। यसले धार्मिक आस्थालाई निरन्तरता दिनुका साथै सामाजिक सद्भाव र सांस्कृतिक परम्पराको संरक्षणमा सहयोग पुऱ्याउँदै आएको मैथिली साहित्य परिषद् सप्तरीका पूर्वअध्यक्ष सतीशकुमार दत्तले बताउनुभयो।

सप्तरीमा दशैँका बेला मूर्ति निर्माण, पूजा व्यवस्थापन र धार्मिक अनुष्ठानमा स्थानीयको सक्रियता देखिने गरेको छ। भाकल पूरा भएपछि मूर्ति बनाएर पूजा गर्ने प्रचलनले व्यक्तिगत आस्था र शक्तिपीठप्रतिको विश्वासलाई समेत प्रतिबिम्बित गरेको उहाँको भनाइ छ।

### चाडपर्वमा ...

परिवर्तन गरी चर्को आवाज निकाल्ने मोटरसाइकलमाथि निगरानी गरिरहेका छन्।

एसपी खड्काका अनुसार चाडपर्वलक्षित विशेष सुरक्षा योजना लागू गरेको दुई दिनमै चर्को आवाज निकाल्ने गरी स्वरूप परिवर्तन गरिएका एक सयभन्दा बढी मोटरसाइकल नियन्त्रणमा लिइएको छ। साँझदेखि राति अबेरसम्म विभिन्न चोकमा प्रहरीको उपस्थिति बढाएर सवारी जाँच र शंकास्पद गतिविधिमाथि निगरानी गरिएको उनले बताए।

'चाडपर्वमा कुनै पनि अवाञ्छित गतिविधि हुन नदिन हामी सक्रिय भएका छौँ। पैदल, साइकल र मोटरसाइकल गस्ती बढाउनुका साथै विभिन्न स्थानमा थप सुरक्षाकर्मी परिचालन गरेका छौँ,' उनले भने। प्रहरीको सक्रियताले मादक पदार्थ वा लागुऔषध सेवन गरेर सवारी चलाउनु हुँदैन भन्ने चेतना बढ्न थालेको उनको भनाइ छ। सवारी जाँचका क्रममा नियम उल्लंघन गर्नेलाई कारबाही गर्नुका साथै सम्भावित दुर्घटनाबारे सम्झाउने र सचेत गराउने कामसमेत भइरहेको छ।

बुधबार दिउँसो जिल्ला प्रशासन कार्यालय धनुषाअगाडि एसपी खड्का आफैँ सवारीसाधन रोक्दै जाँचमा खटिएका थिए। उनले हेल्मेट नलगाई स्कुटर चलाइरहेकी एक महिलालाई रोकेर हेल्मेट प्रयोग नगर्दा दुर्घटनामा टाउकोमा गम्भीर चोट लाग्न सक्ने जोखिमबारे सम्झाए। उनले सवारी चलाउँदा आफ्नो सुरक्षालाई पहिलो प्राथमिकता दिन आग्रह गरे।

सडक सुरक्षा जाँचसँगै सामाजिक सञ्जालमार्फत हुने अपराध नियन्त्रणलाई पनि प्रहरीले प्राथमिकतामा राखेको छ। एसपी खड्काले भने, 'सामाजिक सञ्जालबाट हुने अपराधमा संलग्न भएको आशंकामा १८ जनाको विवरण तयार पारिएको छ। तीमध्ये चार जनालाई नियन्त्रणमा लिएर मुद्दा चलाइएको र अन्यको खोजी भइरहेको छ।'

उनीहरूको खोजी कार्य तीव्र पारिएको उनको भनाइ छ। प्रहरीले निगरानी बढाएकै कारण केही दिनअघि पुरानो घरायसी रिसइबीका कारण चक्कु प्रहार गरी हत्या गरेका एक आरोपितलाई घटनाको केही समयमै पक्राउ गर्न सफल भएको उनले सुनाए।

दसैँ, तिहार र छठ पर्वको सुरक्षाका लागि धनुषा प्रहरीले कुल एक हजार २११ जना सुरक्षाकर्मी विभिन्न टोलीमा विभाजन गरी परिचालन गरेको छ। प्रहरीका अनुसार पिकेट गस्तीमा ७०, पैदल गस्तीमा ४६, बजार अनुगमनमा सात, स्वीप अपरेसनमा सात, विपद् प्रतिकार्यमा १५ र सवारीसाधनमार्फत मोबाइल गस्तीमा १३ टोली परिचालन गरिएको छ। यस्तै, लामो दूरीका सवारीसाधन जाँच गर्न दुई स्थानमा व्यवस्था मिलाइएको छ। लालगढमा लामो दूरीका चालकलाई लक्षित गरी एउटा विश्राम केन्द्रसमेत सञ्चालनमा ल्याइएको प्रहरीले जनाएको छ। राजमार्गमा दैनिक सवारी सुरक्षा जाँचको व्यवस्था पनि गरिएको छ।

सीमावर्ती क्षेत्र, बैंक तथा वित्तीय संस्था, सुनचाँदी पसल र मोटरसाइकल चोरीका घटना हुन सक्ने स्थानमा विशेष निगरानी बढाइएको एसपी खड्काले बताए। चाडपर्वका बेला लागुऔषधको ओसारपसार र सेवन बढ्न सक्ने भएकाले त्यसलाई नियन्त्रण गर्न पनि प्रहरी सक्रिय रहेको उनले जानकारी दिए।

प्रहरीले चाडपर्वका बेला नागरिकलाई सवारी नियम पालना गर्न, हेल्मेट प्रयोग गर्न, मादक पदार्थ सेवन गरेर सवारी नचलाउन र कुनै शंकास्पद गतिविधि देखिएमा प्रहरीलाई जानकारी गराउन आग्रह गरेको छ।

# फलफूलको भाउ बढ्दा मूल्यवृद्धि ६.३४ प्रतिशत पुग्यो

## चालु आर्थिक वर्षको भदौमा फलफूलको मूल्य सबैभन्दा धेरै बढेको छ। फलफूलको मूल्य बढ्दा महँगी ६.३४ प्रतिशत पुगेको हो।

काठमाडौं, २९ असोज। चालु आर्थिक वर्षको भदौमा फलफूलको मूल्य सबैभन्दा धेरै बढेको छ। फलफूलको मूल्य बढ्दा महँगी ६.३४ प्रतिशत पुगेको हो। चालु आर्थिक वर्षको भदौ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ६.३४ प्रतिशत रहेको छ। साउन महिनामा यस्तो मुद्रास्फीति ५.९६ प्रतिशत थियो।

गत आर्थिक वर्षको भदौ महिनामा यस्तो मुद्रास्फीति १.८७ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको सोही अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.५४ प्रतिशत रहेको छ भने गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ५.६९ प्रतिशत रहेको केन्द्रीय बैंकले जनाएको छ। गत आर्थिक वर्षको सोही अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति १.३४ प्रतिशतले ऋणात्मक रहेको थियो भने गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.७० प्रतिशत रहेको थियो।

चालु आर्थिक वर्षको भदौमा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १६.६८ प्रतिशत, फलफूलको १५.९९ प्रतिशत, चिनी तथा चिनीजन्य पदार्थको १२.१४ प्रतिशत, माछा तथा मासुको ७.३४ प्रतिशत, तरकारीको ७.०७ प्रतिशत र मरमसलाको ६.७१ प्रतिशतले बढेको छ।

गैरखाद्य तथा सेवा समूहअन्तर्गत यातायात उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १२.७७ प्रतिशत, मदिराजन्य पेय पदार्थको ८.८३ प्रतिशत, कपडा तथा जुत्ताचप्पलको ७.०६ प्रतिशत, फर्निसिङ तथा घरायसी उपकरणको ६.०१ प्रतिशत र सुर्तीजन्य पदार्थको ५.४५ प्रतिशतले बढेको छ।

चालु आर्थिक वर्षमा ग्रामीण क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ६.७८ प्रतिशतले र सहरी क्षेत्रको ६.१९ प्रतिशतले बढेको छ। चालु आर्थिक वर्षको भदौमा प्रदेशगत आधारमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति सबैभन्दा बढी मधेश प्रदेशमा ७.४८ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ५.१६ प्रतिशत रहेको छ।

चालु आर्थिक वर्षको भदौ महिनामा काठमाडौं उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.२८ प्रतिशत, तराईको ६.८९ प्रतिशत, पहाडको ६.४१ प्रतिशत र हिमालको ५.६९ प्रतिशत रहेको छ। भदौ महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति ८.०८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति २.१० प्रतिशत रहेको थियो।

चालु आर्थिक वर्षको भदौ महिनामा उपभोग्य वस्तुको वार्षिक विन्दुगत थोक मुद्रास्फीति ०.५५ प्रतिशतले बढेको छ भने मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको वार्षिक विन्दुगत थोक मुद्रास्फीति क्रमशः १२.८७ प्रतिशत र ६.३९ प्रतिशत रहेको छ। भदौ महिनामा निर्माण सामग्रीको वार्षिक विन्दुगत थोक मुद्रास्फीति ५.०८ प्रतिशतले बढेको छ।

२०८३ भदौ महिनामा नेपालको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ६.३४ प्रतिशत रहेको छ। सन् २०२६ अगस्ट महिनामा भारतमा यस्तो मुद्रास्फीति ४.८२ प्रतिशत रहेको थियो।

# हाम्रो उद्देश्य जीवनस्तर उठाउनु र गरिबी घटाउनु हो : केपी ओली



काठमाडौं, २९ असोज। नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले उत्पादन वृद्धि, दिगो रोजगारी सिर्जना र नागरिकको जीवनस्तर सुधारलाई समृद्धिको मुख्य आधार बनाउनुपर्ने बताएका छन्। बिहीबार पार्टी केन्द्रीय कार्यालय च्यासलमा एमालेको नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठानको वेबसाइट सार्वजनिक गर्दै उनले राजनीतिक तथा नीतिगत बहस आम नागरिकको जीवनस्तर सुधार्ने दिशामा केन्द्रित हुनुपर्ने बताए।

'हाम्रो मुख्य उद्देश्य जनताको जीवनस्तर माथि उठाउनु, गरिबी हटाउनु र विपन्नतालाई समृद्धिमा रूपान्तरण गर्नु हो,' ओलीले भने, 'यसका लागि आम्दानीका स्रोत सिर्जना गर्ने, उत्पादन बढाउने र परिवारका आधारभूत आवश्यकता पूरा गर्न सक्ने रोजगारीका अवसर उपलब्ध गराउनेतर्फ ध्यान दिनुपर्छ।'

उनले रोजगारीको मूल्य काम गरेको समयले नभई त्यसबाट प्राप्त हुने आम्दानीले निर्धारण गर्ने बताए। नागरिकलाई आर्थिक रूपमा सुरक्षित बनाउन पर्याप्त आम्दानी हुने रोजगारीका अवसर सिर्जना गर्नुपर्ने उनको भनाइ थियो। 'रोजगारीको मूल्य काम गरेको समयले होइन, त्यसबाट प्राप्त हुने पर्याप्त आम्दानीले निर्धारण गर्छ,' उनले भने, 'हामीले कुनै एउटा वर्ग, समुदाय, पेसा वा क्षेत्रको मात्र होइन, समग्र नेपाली समाजको उत्थानलाई लक्ष्य बनाउनुपर्छ।'

ओलीले गरिबी उन्मूलन नारामा मात्र सीमित हुन नहुने बताए। विपन्नतालाई दिगो समृद्धिमा रूपान्तरण गर्न नीतिगत स्पष्टता र उत्पादनमुखी रोजगारी आवश्यक रहेको उनको भनाइ थियो। उनले आफ्नो राजनीतिक तथा सामाजिक मान्यताको मूल आधार मानवतावाद भएको उल्लेख गर्दै नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने अवस्था निर्माण गर्नु राज्यको दायित्व भएको बताए।

'हाम्रो मूल दर्शन मानवतावाद हो। प्रत्येक नागरिकले खान, लाउन, बस्न, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकता पूरा गर्न सक्ने अवस्था निर्माण गर्नु हाम्रो दायित्व हो,' ओलीले भने। जात, वर्ग वा समुदायका आधारमा विभेद नगरी सबै नागरिकलाई प्राथमिकतामा राखेर नीति निर्माण गर्नुपर्नेमा जोड दिँदै उनले सत्य, न्याय र समानताको बाटोबाट मात्रै समग्र समाजको कल्याण र समृद्धि हासिल गर्न सकिने बताए।

'जात, वर्ग वा समुदाय जे भए पनि आम जनता नै हाम्रो प्राथमिकतामा हुनुपर्छ। अन्ततः हाम्रो मार्ग सत्य, न्याय र समानताको मार्ग हो,' उनले भने। ओलीले प्रत्येक नागरिकलाई गाँस, बास, कपास, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने लक्ष्यसहित नीति निर्माण गर्नुपर्ने बताए।

# कर्मचारी कटौतीको मार : मधेस प्रदेशमा अधिकृत तहको विज्ञापन रोकियो




काठमाडौँ, २९ असोज। मधेस प्रदेश लोक सेवा आयोगले प्रदेश निजामती सेवातर्फका अधिकृत सातौँ र आठौँ तहको विज्ञापन रोकेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रिक्त पदपूर्तिका लागि माग नपठाएपछि आयोगले विज्ञापन प्रकाशन गर्न नसकेको हो। आयोगको वार्षिक कार्यतालिका अनुसार असोज महिनाको अन्तिम बिहीबार अर्थात् असोज २९ गते अप्राविधिक र प्राविधिकतर्फका अधिकृत पदको विज्ञापन खुल्नुपर्ने थियो। प्रदेश निजामती सेवा ऐन, २०७७ को व्यवस्थाअनुसार मुख्यमन्त्री कार्यालयले निर्धारित समयमै रिक्त पदको विवरण आयोगलाई पठाउनुपर्छ। तर कार्यालयले सङ्गठन तथा व्यवस्थापन ( ओएण्डएम) सर्वेक्षणको कारण देखाउँदै तत्काल कर्मचारीको माग पठाउन नसकिने जानकारी आयोगलाई गरायो।

मुख्यमन्त्री कार्यालयले असोज २३ गते आयोगलाई पत्र पठाउँदै प्रमुख सचिवको संयोजकत्वमा साउन ११ गते बसेको सचिव बैठकको निर्णय उद्धृत गरेको छ। बजेट वक्तव्यको बुँदा नम्बर १०९ लाई आधार मान्दै पत्रमा 'कर्मचारी दरबन्दी कम्तीमा १५ प्रतिशत कटौती गर्नुपर्ने भएकाले ओएण्डएम सर्वेक्षण नसकिन्जेल नयाँ पदपूर्ति र बढुवा रोक्का गरिएको' उल्लेख छ।

मधेस प्रदेश सरकारअन्तर्गतका निकायहरूको ओएण्डएम कार्य सम्पन्न भई नसकेकाले तत्काल कर्मचारी माग गर्न नसकिएको मुख्यमन्त्री कार्यालयले स्पष्ट पारेको छ। मुख्यमन्त्री कार्यालयबाट यस्तो बेहोराको पत्र आएपछि आयोगले असोज २८ गते विज्ञापन नखोल्ने निर्णय गरेको हो। आयोगले बिहीबार एक सूचना जारी गर्दै कार्यतालिकामा निर्धारित अधिकृत तहको विज्ञापन हाललाई हुन नसकेको जानकारी सम्पूर्ण सरोकारवालालाई गराएको छ। प्रदेश सरकारको यो कदमले प्रदेश निजामती सेवामा प्रवेश गर्न तयारी गरिरहेका परीक्षार्थीहरू भने प्रभावित भएका छन्।

# भन्सार छलीका सामानसहित बारामा भारतीय नागरिक पक्राउ

बारा, २९ असोज। बाराका विभिन्न सीमा नाकामा सशस्त्र प्रहरी बलले गरेको निगरानी तथा जाँचका क्रममा भन्सार छली गरी नेपाल भित्र्याइएका करिब नौ लाख १० हजार रुपियाँ मूल्यका सामान बरामद गरिएको छ। सोही क्रममा एक भारतीय नागरिकलाई समेत पक्राउ गरिएको छ। सशस्त्र प्रहरी बल, नेपाल नं. १२ गण हेडक्वार्टर बाराका अनुसार जिल्लाका विभिन्न इकाइबाट परिचालित टोलीले सीमा क्षेत्रमा गरेको कारबाहीका क्रममा हरियो तरकारी, जुत्ता-चप्पल, तयारी पोसाक, लत्ताकपडा, सुर्तीजन्य सामग्री, मोटरसाइकल लगायतका सामान बरामद गरेको हो।



बीओपी कवहीगोठ, बरैनिया र गोलागञ्जबाट खटिएका सशस्त्र प्रहरीका टोलीले विभिन्न स्थानमा जाँच तथा निगरानी गर्ने क्रममा आज बिहान भन्सार प्रक्रिया पूरा नगरी नेपाल भित्र्याइएका सामान र पटाकासमेत बरामद गरेका छन्। सशस्त्र प्रहरी बल, नेपाल नं.१२ गण हेडक्वार्टर बाराका गणपति सशस्त्र प्रहरी उपरीक्षक विशाल सिलवालका अनुसार सीमाक्षेत्रमा हुने अवैध ओसारपसार तथा भन्सार छली नियन्त्रण गर्न मातहतका इकाइलाई सक्रिय बनाइएको छ।

यसैबिच, भारतको बिहार राज्यअन्तर्गत पूर्वी चम्पारण जिल्लाको मोतिहारी क्षेत्रस्थित घोडासहन ग्रामपञ्चायतका ३० वर्षीय सिकेन्द्र कुशवाहालाई नियन्त्रणमा लिइएको छ। सामानसहित पक्राउ परेका कुशवाहालाई आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाउन दिउँसो वीरगञ्ज भन्सार कार्यालयमा बुझाइने सशस्त्र प्रहरी बलका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक विक्रममणि अधिकारीले जानकारी दिनुभयो।

सीमा क्षेत्रमा हुने अवैध कारोबारले सरकारी राजस्वमा प्रत्यक्ष असर पार्ने भएकाले भन्सार छली, अवैध ओसारपसार तथा प्रतिबन्धित वस्तुको कारोबार नियन्त्रणलाई सशस्त्र प्रहरीले प्राथमिकतामा राखेको छ। यसका लागि सीमा क्षेत्रमा नियमित गस्ती, निगरानी र जाँचलाई तीव्र बनाइएको प्रहरीले जनाएको छ।

## २४ घण्टाभित्र ...

चरनका लागि ल्याएको सूचना प्राप्त भएकाले यो पत्र प्राप्त गरेको समयावधिले २४ घण्टाभित्र मौरीघार हटाई लैजाने व्यवस्था गर्नुहुन जानकारी गराइन्छ,' नगरपालिकाले दिएको निर्देशन पत्रमा उल्लेख छ, 'अन्यथा मौरीघार जफत गरी कारबाही गरिने व्यहोरा सूचित गरिन्छ।' पालिकाको २४ घण्टे निर्देशनसँगै किसानहरूले बिहीबार बिहान मौरीका घार अन्यत्र सारेको बताएका छन्।

सर्लाहीको हरिवनबाट मौरी चरनका लागि स्वर्गद्वारी पुगेका पवनप्रसाद त्रिपाठीले नगरपालिकाले मौरीघार तत्काल हटाउन पत्राचार गरेपछि ठुलो समस्या भएको बताए। त्रिपाठीले स्वर्गद्वारी नगरपालिका-४ कागपाती खोला आसपासको क्षेत्रमा मौरी चरनका लागि राखिएकामा बाध्य भएर अन्यत्र सार्नुपरेको गुनासो गरे।' हामी एकदमै समस्यामा छौँ। मौरीघार उठाएर कहाँ लैजाने भन्ने ठेगान छैन,' उनले भने, 'मधेसबाट पहिला ठुलो समूहमा किसानहरू आउँथे, तर अहिले पालिका र स्थानीयले अवरोध गर्न थालेपछि यस वर्ष हामी २-४ जना मात्रै छौँ।'

यस वर्ष मधेसबाट करिब १५० घार मौरी मात्रै चरनका लागि प्युठान पुऱ्याइएको छ। विगतमा ५ सयदेखि १ हजारसम्म मौरीघार पहाडतर्फ लैजाने गरिन्थ्यो। 'हाम्रो रोजीरोटी नै यसैबाट चल्छ। अब नगरपालिकाले मौरी नै जफत गरिदिए हामी के गर्नेरु' त्रिपाठीले भने, 'यहाँ हजारौँ घार मौरीलाई पुग्ने स्रोत भए पनि हामीले चरनमा समस्या भोग्नुपरेको छ।' स्वर्गद्वारी नगरपालिकाले स्थानीय मौरीको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले 'सेरेना मौरी संरक्षण नीति, २०८२' लागू गरेको जनाएको छ। साथै जैविक विविधता कायम राख्न, मौरी चरन क्षेत्रमा हुने अस्वस्थ प्रतिस्पर्धा तथा रोगको जोखिम न्यूनीकरण गर्न मेलिफेरा जातका मौरीका घारहरू नगर क्षेत्रभित्र प्रवेश गराई चरिचरन गराउने, स्थानान्तरण गर्ने वा व्यावसायिक रूपमा पालन गर्ने कार्यमा प्रतिबन्ध लगाइएको पत्रमा उल्लेख छ।

असोज दोस्रो सातापछि पहाडी भूभागमा चिउरी फुल्ने गर्दछ। मह उत्पादनका लागि चिउरीको फूल अत्यन्तै राम्रो स्रोत मानिन्छ। 'मङ्सिरको दोस्रो हप्तासम्म बस्न दिने हो भने हामीले राम्रो मह उत्पादन गर्न सक्थ्यौँ, तर स्थानीय कानुन मिच्ने कुरा पनि भएन,' त्रिपाठीले भने, 'अब के गर्ने र मौरीघार कहाँ लैजाने भन्नेमा हामी दोधारमा छौँ।'

तराईबाट एक्लाएक्लै मौरी चरनका लागि लैजाँदा खर्चिलो हुने र उत्पादन लागत बढ्ने भएकाले किसानहरू समूह बनाएर पहाडतिर जाने गर्दछन्। बारा निजगढका कैलाश तिमिल्सिनाले कानुनअनुसार पालिकालाई कर तिर्न तयार भए पनि जबर्जस्ती घार हटाउन एकोहोरो निर्देशन आएको गुनासो गरे। १० वर्षदेखि मौरी चरनका लागि प्युठान आउजाउ गर्दै आएका तिमिल्सिनाले स्वर्गद्वारी नगरपालिकाभित्रका सामुदायिक वनमा मात्रै ५०औँ हजार घार मौरीलाई पुग्ने स्रोत भए पनि कुनै अध्ययन नै नगरी २-३ हजार मौरीका लागि पालिकाले पूरै स्रोत कब्जा गरेर राखेको बताए।

तोरी, रुदिलो, लिची र सिसौको फूलको तुलनामा चिउरीको महको माग अत्यधिक हुने र बिक्री पनि सजिलै हुने किसानहरूको भनाइ छ। 'चिउरीको मह हामीले प्रतिकिलो ७ सयदेखि १ हजार रुपैयाँसम्ममा बिक्री गर्छौं, तर व्यापारीले हाम्रै अगाडि १५ सयसम्ममा बेच्छन्,' उनले भने, 'माग बढी भएकाले व्यापारीहरूले पनि जङ्गली चिउरीकै मह खोज्छन्।' मह उत्पादनका लागि आवश्यक पुष्परस (नेक्टर) का हिसाबले प्युठान जिल्ला नेपालमै उत्कृष्ट मानिन्छ। मधेसका किसानहरू चिउरीको महका लागि रोल्पा र प्युठान जाने गर्छन् भने मङ्सिरपछि तोरीको महका लागि नवलपरासीको बर्दघाट तथा चितवनको शक्तिखोर र लिची, सिसौ एवं रुदिलोको महका लागि बारा र रौतहटको जङ्गलमा मौरी चराउने गर्छन्। देशभर मौरी चराएर हिँड्ने किसानहरूको संख्या ठुलो छ। मधेसमा साना-ठुला गरी २५७ जना मौरीपालक किसानसँग ३ हजारभन्दा बढी मौरीका घार छन्। कुशल व्यवसाय परामर्श तालिम केन्द्रका कार्यकारी निर्देशक कोइरालाका अनुसार मधेस प्रदेशमा मात्रै वार्षिक ११० मेट्रिक टन मह उत्पादन हुँदै आएको छ।

# तीन कमाउने सदस्य बेपत्ता, सदा बस्तीका परिवारमा दसैँको सट्टा पीडा

सप्तरी, २९ असोज। अहिले चारैतिर दसैँको रौनक छ नयाँ लुगा लगाउने, मिठोमसिनो खाने र परिवारसँग खुसी साट्ने पर्वका रूपमा दसैँलाई लिइन्छ। तर, सप्तरीको राजविराज नगरपालिका-१६ स्थित बोरिया टोलको सदा बस्तीका तीन परिवारका लागि यस वर्ष दसैँमा कुनै रौनक छैन। उनीहरूका लागि यसपालिको दसैँ खुसीमा होइन, पीडा र अभावमा बित्ने भएको छ।

भदौ १० गते रसुवामा आएको बाढीपछि नुवाकोटको किस्पाङ गाउँपालिका-५ स्थित त्रिशूली थ्रीबी जलविद्युत् आयोजनामा कामदारका रूपमा कार्यरत ४० वर्षीय बेचन सदा, ३५ वर्षीय शिवकुमार सदा र ३२ वर्षीय सुरेन्द्र सदा बेपत्ता भएका थिए। डेढ महिनाभन्दा बढी समय बितिसक्दा पनि उनीहरूको अवस्था अज्ञात छ यही पीडाले सदा बस्तीमा दसैँको रौनक हराएको छ।

तीन परिवारमध्ये बेचन सदाको परिवारको पीडा झन् गहिरो छ। उहाँका १३ वर्षीय छोरा सुभाष सदा र सात वर्षीया छोरी निभाका लागि दसैँ खुसीको पर्व नभई पीडा र अभावको अर्को नाम बनेको छ। दुईकोठे झुपडीमा बस्दै आएका यी दाजुबहिनीका लागि न नयाँ लुगा किनिदिने कोही छ, न मिठोमसिनो पकाएर खुवाउने। घरमा बिहान-बेलुकाको छाक टार्नसमेत अन्न र पैसा छैन।

सुभाषले गत वर्षको दसैँ आमाको शोकमा बिताउनुभएको थियो। दसैँ आउन करिब एक महिना बाँकी रहँदा गत भदौ १७ गते उहाँकी आमा फुलियादेवी सदाको क्यान्सरका कारण मृत्यु भएको थियो। आमाको निधनको पीडाबाट सम्हालिन नपाउँदै यस वर्ष परिवारमा अर्को बज्रपात परेको छ। "दसैँमा बुवाले नयाँ कपडा ल्याइदिनुहुन्थ्यो, आमाले मिठो खानेकुरा पकाइदिनुहुन्थ्यो," विगत सम्झँदै सुभाषले भन्नुभयो, "अहिले न आमा हुनुहुन्छ, न बुवा नै। घरमा खाने अन्न र पैसा पनि छैन। कसरी मनाउने दसैँ?"

आमालाई क्यान्सरले खोस्यो, बुवालाई बाढीले बेपत्ता बनायो। बाल्यकालमै अभिभावकको साथ गुमाएका सुभाष र निभाका लागि अहिले चाडपर्वको खुसीभन्दा छाक टार्ने चिन्ता ठुलो भएको छ।

**तीन परिवारमा पीडा, बस्तीमै छैन रौनक**

सदा बस्तीका यी दाजुबहिनीको जस्तै पीडा ३१ वर्षीया दोरोपतीदेवी सदा र उहाँका तीन नाबालक सन्तानले पनि भोगिरहेका छन्। अर्काको जग्गामा मासिक एक हजार रुपियाँ भाडा तिरेर बनाइएको झुपडीमा बस्दै आउनुभएकी दोरोपतीका श्रीमान् सुरेन्द्र सदा पनि भदौ १० गते भोटेकोशी क्षेत्रमा आएको बाढीपछि बेपत्ता हुनुहुन्छ। श्रीमान् बेपत्ता भएपछि बालबालिकाको पालनपोषण र घरभाडाको जोहो गर्नसमेत उहाँलाई धौधौ परेको छ।

"परिवार चलाउने एक मात्र सहारा बेपत्ता भएपछि खाने अन्न जुटाउनसमेत समस्या भएको छ," उहाँले भन्नुभयो, "यसपालिको दसैँ हाम्रो लागि दसैँ होइन, दशा बनेर आयो।" सोही बस्तीकी गुडियादेवी सदाको पीडा पनि उस्तै छ। उहाँका श्रीमान् शिवकुमार सदा पनि भदौ १० गतेको बाढीपछि बेपत्ता हुनुहुन्छ। चार जना नाबालक सन्तानको जिम्मेवारी एक्लै सम्हालिरहनुभएकी ३२ वर्षीया गुडियाले छरछिमेक, जनप्रतिनिधि र सर्वसाधारणसँग सहयोग मागेर परिवारको गुजारा चलाउँदै आउनुभएको छ।

श्रीमान् साथमा भएको भए चाडपर्वका बेला कमाएर ल्याउनुहुन्थ्यो र परिवारमा खुसी छाउँथ्यो भन्ने विगतको सम्झनाले उहाँलाई झन् भावुक बनाउने गरेको छ। "श्रीमानको कुनै खबर छैन। चार जना नाबालक सन्तानको पेट कसरी पाल्ने भन्ने चिन्तामै दिनरात बित्ने गरेको छ," गुडियाले भन्नुभयो, "यसपालि दसैँ आयो भन्दा पनि श्रीमान् कहिले फर्किनुहुन्छ भन्ने चिन्तामै डुबेकी छु।"

बाढीले बेचन, सुरेन्द्र र शिवकुमारलाई बेपत्ता बनाएपछि तीन परिवारको खुसी मात्र खोसिएको छैन, सिङ्गो सदा बस्तीको दसैँसमेत खल्लो बनेको छ। चारैतिर दसैँको उल्लास छाइरहेका बेला सदा बस्तीका यी परिवार भने आफ्ना प्रियजन फर्किने आशा र भोक मेटाउने चिन्ताबिच दिन बिताइरहेका छन्। स्थानीयवासीका अनुसार बेपत्ता परिवारका सदस्य फर्किने प्रतीक्षा र दैनिक गुजाराको समस्याले उनीहरूको चाडपर्वसमेत प्रभावित भएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)